नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

फोन नं. : ०४१ - ५२०१६६
फ्याक्स : ०४१ - ५२०८५०
Email : janakpur@customs.gov.np

# जनकपुर भन्सार कार्यालय

जनकपुरधाम, धनुषा

२०८२।१२।१२
प्रमुख भन्सार अधिकृत

मिति: २०८२।१२।१२

## लिलामीको ७ दिने सूचना

यस कार्यालयमा अवैध पैठारी/निकासीको अभियोगमा वादी नेपाल सरकार र प्रतिवादी धेवारीसँ भएको भन्सार निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दर्ता भएको देहाय बमोजिमको मालवस्तु जे जस्तो अवस्थामा छ सोही अवस्थामा भन्सार नियमावली २०६४ को नियम ३६(५) बमोजिम खुल्ला बोलकबोलद्वारा लिलाम बिक्रिगर्नुपर्ने भएको हुदाँ ईच्छुक व्यक्ति, फर्म, तथा संस्थालाई डाँक बढावढमा भाग लिनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८२।१२।१८ गते (सो दिन सार्वजानिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन) दिनको १३:०० वजे देखि १५:०० वजे सम्म यस कार्यालयको परिसरमा डाँक बढावढ हुनेछ । लिलाम लिन ईच्छुक फर्म/कम्पनीले अनिवार्य रुपमा आयकर, मु.अ. करको दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोबार गर्न प्राप्त इजाजत पत्र र आ.ब. २०८१/८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । डाँक बढावढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा कम्पनीको कबोल रकम स्वीकृत गरिने छ ।कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्र आफुले कबोल गरेको मालवस्तुको मुल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (मू.अ.कर,अन्तःशुल्क) रकम समेत भुक्तानी गरी मालवस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्यादभित्र मालवस्तु उठाई नलगेमा भन्सार नियमावली २०६४ को दफा ३६ मा भएको व्यवस्था अनुसार हुने व्यहोरा समेत सुचित गरिन्छ । डाक बढाबढमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम राष्ट्रिय बाणिज्य बैंक जनकपुरमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाको धरौटी खाता नं १२२०१००१०२०३०००० मा जनकपुर भन्सार कार्यालयको कोड (३०५०३१७०१) मार्फत जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्नेछ । डाँक स्वीकृत गर्ने बा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आइ बुझ्न सकिने छ । यस सुचनामा उल्लेख भए बाहेक अन्य बिषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ । यो सुचना भन्सार बिभागको website.www.customs.gov.np / janakpur@customs.gov.np मा समेत हेर्न सकिनेछ ।

तपसिल

| सि.नं. | दर्ता मिति | मुद्दा नं. | मालवस्तुको विवरण | प्रतिवेदन मुल्य |
|---|---|---|---|---|
| १ | २०८२।११।१२ | ०२९८ | Phorate Granuies Thaimet ७५ प्याकेट HM clause (white Sheeds) १२० प्याकेट Bubble Stick १२ वटा रबरको बल १० वटा खेलौना गाडी १२ वटा गुडिया (खेलौना) ६ वटा डमरु १२ वटा टेन्ट सेट ६ पिस डटपेन १४५ प्याकेट पेन्सिल ११० प्याकेट साडी ७२ पिस फेन्सी साडी ३ पिस कुर्था कपडा ३३ मिटर सफ्ट कटन कपडा २४ मिटर | २०१८०० |
| २ | २०८२।११।१३ | ०२९९ | चिम्टी ११ दर्जन लिपिस्टिक ५ प्याकेट हेयरबिन ८ बट्टा झुम्का ७ बट्टा बहुबली झुम्का १ दर्जन राजहंस झुम्का २ प्याकेट सेतो मोती माला १ प्याकेट निशा हेयर कलर १ प्याकेट भोलोरिया क्रिम ५ प्याकेट ग्लोकोप क्रिम ३ बट्टा पोन्ड्स क्रिम २ बट्टा रेजर १ बट्टा ऐना ८ पिस ब्रा ५ पिस पेन्टि ४ पिस झरनी १ प्याकेट हेयर रबर १ प्याकेट स्ट्रबेरी हेयर रबर १ प्याकेट कुमकुम सिन्दुर १ प्याकेट जस्मिन हेयर आयल १ पिस बाबा १ प्याकेट गोटी १ प्याकेट कानको बाली १ प्याकेट मोटी झुम्का २ प्याकेट मेहन्दि १ प्याकेट | १९००० |

२०८२।१२।१२
प्रमुख भन्सार अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | २०८२।११।१३ | ०३०० | वायन्डिङ्ग मेसिन बजाज सोमु ३५० १ थान PVC बिजुलीको तार १० क्वाईल गिलास कपसेट ३ सेट टियुब लाईट २५ वटा पेन्सिल २० प्याकेट कपी १५ दर्जन | १०४००० |
| ४ | २०८२।११।१७ | ३०२ | तन्ना ६१ थान पर्दा २८ पिस सिरानीको खोल ६२ पिस झुल १४४ पिस पाल ३० पिस | १३०५०० |
| ५ | २०८२।११।१७ | ३०३ | लेहङ्गा (घाँघर चोली) ९ थान आईसक्रिमको चम्चा ३ बोरा | २५५०० |
| ६ | २०८२।११।१८ | ३०५ | बच्चाको जुत्ता ८० जोर जेन्स चप्पल ३०८ लेडिज चप्पल २७६ जोर | १४८८०० |
| ७ | २०८२।११।२५ | ३०६ | सटिङ्ग एण्ड सुटिङ्ग कपडा १२० थान अस्तर थान कपडा २४० मिटर कुर्ता सुरुवाल कपडा ५० थान | ३९२०० |
| ८ | २०८२।११।२६ | ३०७ | Hakki Pikki तेल २४ पिस | ३६००० |
| ९ | २०८२।११।२६ | ३०८ | साडी २२२ पिस | १३३२०० |
| १० | २०८२।१०।२३ | ०२७५ | Max कम्पनीको एम्पिलिफायर १ थान | ७५००० |

६

ईति सम्वत २०८२ साल १२ महिना १२ गते ०५ रोज शुभम् ।

१२।१२